आ.व. ०७६।०७७

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः १९/०७६/७७

मितिः-२०७७।१।१२

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको विशेष वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुत्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

**आमन्त्रित**

श्री शिव थापा - वडा सदस्य - १

श्री गणेश बहादुर थापा - का.वा. वडा अध्यक्ष - ४

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाबाट नोवल कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण क्रममा नगर प्रमुख ज्यूको अध्यक्षतामा मिति २०७७।१।७ र मिति २०७७।१।१० मा भएको बैठकको निम्नानुसारका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. हालको कोरोना भाईरस संक्रमणवाट नेपाल सरकारले जारी राखेको वन्दावन्दीको कारण नागरिकहरुको लागि सहुलियत खाद्यन्न उपलब्ध गराउनुपर्ने अवस्थालाई मध्यनजर गरी हालको लागि तपशिल अनुसारको नगरपालिकावाट २५ प्रतिशत सहुलियत मूल्यमा खाद्यन्न सामाग्री उपलब्ध गराउने र यसको लागि पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघवाट ५/५ प्रतिशत लागत सहभागिताको लागि अनुरोध गर्ने ।।

**तपशिल :**

४ जना सम्मको परिवार सदस्य

- चामल जीरा मसिनो स्टीम २५ के.जी. वा
- आटा आनन्द ब्राण्ड १० केजी (२ प्याकेट)
- आयो नून १ के.जी.

४ जना भन्दा माथी परिवार सदस्य

- चामल जीरा मसिनो स्टीम ५० के.जी वा
- आटा आनन्द ब्राण्ड २० केजी (४ प्याकेट)
- आयो नून २ के.जी.

**४ जना भन्दा माथि सदस्य भएका परिवारले उल्लेखित परिमाण मध्ये चामल वा आटा आधा आधा मिलाएर लिन सक्ने व्यवस्था गरिएको ।**

ख. उल्लेखित खाद्य सामग्रीको खरिद मूल्य देहाय बमोजिम कायम गर्ने । (अग्रिम आयकर र भाडा बाहेक)

| | |
|---|---|
| चामल प्रति केजी | रु.५८।- |
| आटा प्रति प्याकेट (५ केजी) | रु.२५०।- |
| आयो नून प्रति केजी | रु. १९।- |

ग. वितरण कार्य संचालनको लागि वडा कार्यालयवाट मागको विवरण र रकम संकलन गरे पश्चात वडा कार्यालयले निर्धारण गरेको स्थानवाट खाद्यन्न सामाग्री उपलब्ध गराउने ।

घ. सहुलियत दरमा खाद्यन्न सामाग्री खरिद गर्न नसक्ने परिवारको लागि वडा कार्यालयको संयोजकत्वमा नेपाल पत्रकार महासंघ पाल्पाको प्रतिनिधि १ जना, जिल्ला प्रहरी कार्यालय पाल्पाको प्रतिनिधि १ जना र नागरिक समाज पाल्पाको प्रतिनिधि १ जनाको सहभगितामा खाद्यन्न सामाग्री तोकीएको मापदण्ड वमोजिम वडास्तरवाट वितरण गर्ने ।

Scanned with CamScanner

४

ङ. विश्वभर फैलिएको नोबेल कोरोना भाईरसको प्रत्यक्ष प्रभाव नेपालमा समेत परेकोले यस माहामारीको रोकथाम, नियन्त्रण र उपचार कार्यमा स्वास्थ्य सामग्री लगायत राहत र सहुलियत दरमा वितरण गरिने खाद्य सामग्री खरिद गर्न कोषमा रकम थप गर्नुपर्ने अवस्था रहेकोले तानसेन नगरपालिका क्षेत्र भित्रका सवै सामुदायिक विद्यालयहरुवाट विद्यालयका सवै तहका सरकारी अनुदानवाट तलव भत्ता खाने सबै प्रकारका शिक्षक शिक्षिकाहरुको शुरु तलवको ३ दिन वरावरको तलव कट्टा गरी सहयोग स्वरुप ता.न.पा. कोरोना भाईरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा दाखिला गर्ने ।

च. नगरपालिका भित्र संचालित सवै नीजि तथा संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिकाहरुवाट पनि आर्थिक सहयोग उपलब्ध गराउन प्याब्सन पाल्पालाई अनुरोध गर्ने ।

छ. तानसेन नगरपालिकाको कोरोना भाईरस नियन्त्रण, रोकथाम र उपचार कोष मार्फत राहत तथा सहुलियत दरमा खाद्य सामाग्री वितरण र स्वास्थ्य सामग्री खरिद कार्यको लागि कोष वृद्धि गर्न आ.व.२०७६/०७७ को नगर विकास योजनाको निम्नानुसारका वजेट शिर्षकवाट ता.न.पा. कोरोना भाईरस रोकथाम नियन्त्रण तथा उपचार कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

<u>निम्न</u> :

| | |
|---|---|
| • जन प्रतिनिधी क्षमता विकास | रु.१०००००००।०० |
| • नगरपालिकाको आयोजनामा गरिने विभिन्न दिवस | रु.१०००००।०० |
| • मेयर कप राष्ट्रिय फुटवल प्रतियोगिता | रु.३०००००।०० |
| • नगर शंसाधन विकास योजना कर्मचारी तर्फ | रु.८०००००।०० |
| • स्थानीय गैर सरकारी सवलीकरण कार्यक्रम | रु.१२५०००।०० |
| • भिजिट नेपाल २०२०, लुम्बिनी भ्रमण वर्ष, २०७६, जाउ है तानसेन/ DOWN TOWN CYCLING PROGRAM | रु.१५०००००।०० |
| • अनुसन्धान तथा विकास खर्च | रु. १५०००००।०० |
| **जम्मा :** | रु. ५३,२५०००।०० |

ज. तानसेन नगरपालिकावाट सहुलियत दरमा खाद्यन्न वितरण गर्न लाभग्राहीहरुको विवरण संकलन गर्दा देहायका आधारलाई प्राथमिकता दिने :

- सम्वन्धित वडाको स्थायी वासिन्दा भएको हुनुपर्ने ।
- सम्वन्धित वडाको मतदाता नामावलीमा नाम भएको हुनुपर्ने ।
- नागरिकता प्रमाण पत्र वा जग्गाधनी प्रमाण पुर्जा पेश भएको हुनुपर्ने ।
- हालसम्म निशुल्क राहत प्राप्त नगरेको हुनुपर्ने ।
- तानसेन नगर प्रोफाईलमा गरीव परिवार भनि उल्लेख भएका परिवार हुनुपर्ने ।

Scanned with CamScanner

## निर्णय नं. २

तानसेन नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष (रा.बा.बैंक, तानसेन, पाल्पाको खाता नं. ३०३००१०६९२०१) मा आजका मितिसम्म भएको देहाय बमोजिमको आय र व्ययको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

ता.न.पा.कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष (खाता नं. ३०३००१०६९२०१ रा.वा.बैंक पाल्पा) को आय व्यय विवरण

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रु. | सि.नं. | विवरण | रु. |
| १ | ता.न.पा. कार्यालयबाट | २५००००० | १ | राहात वितरणको लागि वडा न.५,(धरमपानी)वडा न.८,१३र१४ खाद्य खरिद राधेगणेलाई गएको | ४९५००० |
| २ | प्रभु बैंक पाल्पा शाखा | ५०००० | २ | राहात वितरणको लागि वडा न ९ सन्तोष कुमार अर्याल को फमललाई भुक्तानी | १४३३४० |
| ३ | तानसेन सहकारी | २०००० | ३ | सामाग्री सेनिटाइजर मास्क, साबुन सामाग्री खरिद गुशिल भवाली पेश्की | १५००० |
| ४ | सिद्ध बचत सहकारी | २०००० | ४ | मदनपोखरा सिरक डसेना फमल लाई बर्तुग कोरेन्टाइम सामाग्री खरिद वि.भु | २२८०२ |
| ५ | राजेन्द्र ब बज्राचार्य वडा ४ | १०१०५ | ५ | राहात वितरणको विल भुक्तानी ता.न.पा. ७ उदय पगेनि फमल पर्भाम | ३९३१८४ |
| ६ | राष्ट्रिय वाणिज्य बैंक पाल्पा | ३०००० | ६ | राहात वितरणको विल भुक्तानी ता.न.पा. १० सुभम किराना फमल | १८६९१३ |
| ७ | चुरामणी पोखेल ता.न.पा. ३ | ५१०० | ७ | राहात वितरणको विल भुक्तानी ता.न.पा ६ राजेश किराना फमल | ५४४६३ |
| ८ | ता.न.पा जन प्रतिनिधीहरु सबै ५ दिनको बैठक ( | ३०६००० | ८ | राहात वितरणको विल भुक्तानी ता.न.पा.१२ चडिभन्ज्याग फर्मुराम किराना फमल | १३१७७५ |
| ९ | न.पा. कर्मचारीहरु सबै (अधिकृत ५ दिन तलब, | २८११५१ | ९ | राहात वितरणको विल भुक्तानी ता.न.पा ६ लक्ष्मण अर्याल बसपार्क फमल | ६२९७४ |
| १० | पतन्जली योग समिति पाल्पाबाट | ५१००० | १० | राहात वितरणको विल भुक्तानी ता.न.पा. ११ शिव स्टोर्स फमल | २०२००५ |
| ११ | तानसेन गुठी बाट | १००००० | ११ | राहात वितरणको विल भुक्तानी ता.न.पा. ३,४ अजय, मनोज र शैलन्द फमल | १३२८४२ |
| १२ | पाल्पा रारा बचत सहकारी | २५००० | १२ | राहात वितरणको विल भुक्तानी ता.न.पा. ५ गगन स्टोर्स फमल | १९६७२२ |
| १३ | पाल्पा ग्यास डिलर संघ | ११११११ | १३ | राहात वितरणको विल भुक्तानी ता.न.पा. चडिभन्ज्याग फर्मुराम किराना फमल | १०७०३७ |
| १४ | प्याप्सन पाल्पा | ५०००० | १४ | राहात वितरणको विल भुक्तानी ता.न.पा. रिषभ जनरल स्टोर्स पि एण्ड पि सप्लायर्स | ७१३३८ |
| १५ | नारायण प्र. आचार्य (प्रदेश स.) | ३०००० | १५ | हात धुने सामाग्री कविर स्टोर्स तानसेन वि.भु | १२५६८ |
| १६ | रविकिरण समाज ता.न.पा. | १०००० | १६ | राहात वितरणको विल भुक्तानी ता.न.पा. १ विवेक किराना फमल लाई भुक्तानी | १९३०५४१ |
| १७ | नेपाल पूर्व प्रहरी संघ पाल्पा (रमेश ब बहोरा, ज | २५००० | १७ | पि पि इ र गमबुट सेट विल भुक्तानी बुटवल समिरा कटन उद्योग | ३५४०१२ |
| १८ | शिवालय टो वि.स ता.न.पा.( अध्यक्ष लक्ष्मी) | १०००० | | | |
| १९ | धमेन्द्र गुप्ता (मोबाइल घर ता.न.पा. ४) | ७००० | | | |
| २० | समृद्ध बचत सहकारी | २१००० | | | |
| २१ | बतुइ खानेपानी उ.समिति | ११११११ | | | |
| २२ | बतुइ सहकारी ता.न.पा. | ११११११ | | | |
| २३ | श्रीनगर यातायात सेवा धोबिधारा पाल्पा | १५१००० | | | |
| २४ | मदीरा व्यवसायि पाल्पा | २१००० | | | |
| २५ | डिजी प्रिन्ट प्रभा राणा | १०००० | | | |
| २६ | मिलनसार सामुदायिक उद्यमी समाज वडा नं. १३ | ३०१५१ | | | |
| २७ | श्रीनगर बहुउद्देश्यीय सं संस्था ली पाल्पा | ३११०१ | | | |
| २८ | पाल्पाली समाज पोखरा कुल प्र | १०००० | | | |
| २९ | प्रदेश बाट | १५००००० | | | |
| ३० | रणउजेश्वरी ला.क्लब पाल्पा | ५०५५ | | | |
| ३१ | नेपाल महिला संघ पाल्पा | ५००० | | | |
| ३२ | सरिता गुरुगं ता.न.पा. ५ | ५००० | | | |
| ३३ | बुद्धि ब. सोमै रा.बा.बैंक कर्मचारी | १००० | | | | २७७५१३६ |
| ३४ | सायन्स क्लब अफ पाल्पा | ११११११ | | हालसम्म जम्मा खर्च | २६११५२६ |
| ३५ | टेक्टर व्यवसायि समिति पाल्पा | २१५५५ | | उक्त कोषमा मौज्दात | ५३८६६६२ |
| | जम्मा रु. | ५३८६६६२ | | जम्मा रु. | |

## निर्णय नं. ३

नोवेल कोरोना भाइरसको प्रकोप न्यूनिकरणको लागि नेपाल सरकारबाट घोषणा गरिएको बन्दाबन्दीबाट अति प्रभावित निम्न तथा मध्यम बर्गका नगरबासीहरुलाई लक्षित गरी दैनिक जीवन निर्बाहमा परेको कष्टकर अवस्थालाई मध्यनजर गरी नगरपालिकाबाट स्वीकृत मापदण्ड र सूचना अनुसार वडास्तरबाट निम्न कोटाको अधिनमा रही सहुलियत दरमा खाद्य सामग्री बितरण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

| वडा नं. | तोकिएको परिवार संख्या (कोटा) | कैफियत |
|---|---|---|
| १ | ५०० | स्वीकृत मापदण्डको अनुसूची ४ र ५ बमोजिम |
| २ | ३०० | |
| ३ | ५०० | |
| ४ | १४० | |
| ५ | ५०० | |
| ६ | ५०० | |
| ७ | २९७ | |
| ८ | ३०० | |
| ९ | २७५ | |
| १० | ४०० | |
| ११ | ३०० | |
| १२ | ३०० | |
| १३ | ३०० | |
| १४ | ३९० | |
| **जम्मा** | **५००२** | |

**निर्णय नं. ४**

सहुलियत दरमा खाद्य सामग्री वडास्तरमा तत्काल उपलब्ध गराउने व्यवस्थापकीय कार्यको लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल** :

| | | |
|---|---|---|
| (क) श्री सागरमान महर्जन | वडा अध्यक्ष वडा नं. ६ | संयोजक |
| (ख) श्री शिब बहादुर थापा | वडा सदस्य वडा नं. १ | सदस्य |
| (ग) श्री कोशलराज घिमिरे | लेखा शाखा प्रमुख, ता.न.पा | सदस्य |
| (घ) श्री रामजी बहादुर कार्की | भण्डार शाखा | सदस्य सचिव |

**निर्णय नं. ५**

तानसेन नगरपालिकाबाट हालको नोवेल कोरोना भाइरस प्रकोपको कारण नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको विशेष अवस्थामा सहुलियत दरको खाद्यान्न सामग्री खरिद तथा विक्री गर्नको लागि उपभोक्ताबाट ७५ प्रतिशतले हुन आउने रकम असुल गरी ता.न.पा.को राजश्व खातामा जम्मा गरी प्राप्त हुने र बाँकी २५ प्रतिशत तानसेन नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट रकम व्यहोर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ६**

तानसेन नगरपालिकाबाट बन्दाबन्दीको कारण असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई स्वीकृत मापदण्ड अनुसार पहिलो चरणको राहत खाद्य सामग्री उपलब्ध गराइ सकिएको, लामो समयको बन्दाबन्दीको यस विशेष परिस्थितिमा बजारमा आवश्यकता अनुसार उचित मूल्य, समय र स्थानमा माग बमोजिमका खाद्य सामग्री प्राप्त गर्न कठिनाई भएका कारण निम्न तथा मध्यम बर्गीय मानिसहरु पनि मारमा परी नगरपालिकामा पटक पटक सहयोगको लागि अनुरोध भएको, बन्दाबन्दीको अवधि १ महिना भन्दा बढी भैसकेकोमा न्यूनतम ५००० परिवारलाई राहत एवं सहुलियतमा खाद्य सामग्री उपलब्ध गराउन दरभाउ पत्र तथा बोलपत्रबाट खरिद कार्य गर्दा लामो समय लाग्ने र तत्काल व्यवस्था नगर्दा उल्लेखित बर्गका मानिसहरु मारमा पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा नियमावली, २०६४ को नियम १४५ अनुसार विशेष अवस्थामा सिधै वार्ताबाट खरिद गर्न सकिने व्यवस्था भएकोले निम्नानुसारको खरिद दररेट स्वीकृत गरी देहायका व्यवसायीहरुबाट प्रस्ताव माग गरी खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

निम्न :

| क्र. सं. | आपूर्तिकर्ताको नाम, ठेगाना | खाद्य सामग्रीको नाम | खरिद मूल्य (भाडा र कर बाहेक) |
|---|---|---|---|
| १ | आनन्द एग्रो इन्डस्ट्रीज प्रा.लि., रुपन्देही | चामल जीरा मसिनो स्टीम (प्रति के.जी.) | रु.५८।०० |
| २ | मीना खाद्य उद्योग प्रा.लि., रुपन्देही | आटा आनन्द ब्राण्ड, प्रति प्याकेट (५ के.जी.) | रु. २५०।०० |
| ३ | राधेराधे स्टोर्श, पाल्पा | आयो नून, प्रति प्याकेट (१ के.जी.) | रु. २०।०० |

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको स्वास्थ्य विमा तर्फ प्रदान गरिएको विमाको रकम भुक्तानी गर्न रकम नपुग भएकोले रहेकोले आ.व.२०७६/०७७ को वार्षिक नगर विकास योजनाको वडा कार्यालय पहुँच मार्ग स्तरोन्नती (वडा नं. ८, ९, १०, १२ र १३) शिर्षकबाट रकम रु.१००००००।- (अक्षेरुपी दश लाख) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ को दफा ५ मा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

राहत सामाग्री :

क. परिवार संख्या: दुई जना सम्म,

(क) चामल १० किलो

(ख) केराउको दाल १ किलो

(ग) नुन १ प्याकेट

(घ) तोरीको तेल (१ लिटर)

(ङ) सावुन लाईफव्वाई ठुलो २ वटा र आहा कपडा धुने २ वटा

ख. परिवार संख्या चारजना सम्म,

(क) चामल १५ किलो

(ख) केराउको दाल २ किलो

(ग) नुन १ प्याकेट

(घ) तोरीको तेल (१ लिटर)

(ङ) सावुन लाईफव्वाई ठुलो २ वटा र आहा कपडा धुने २ वटा

ग. परिवार संख्या छ जना सम्म

(क) चामल २५ किलो

(ख) केराउको दाल ३ किलो

(ग) नुन २ प्याकेट

(घ) तोरीको तेल (२ लिटर)

(ङ) सावुन लाईफव्वाई ठुलो २ वटा र आहा कपडा धुने २ वटा

घ. परिवार संख्या छ जना भन्दा माथी

(क) चामल ३० किलो

(ख) केराउको दाल ३ किलो

(ग) नुन २ प्याकेट

(घ) तोरीको तेल (२ लिटर)

(ङ) सावुन लाईफव्वाई ठुलो २ वटा र आहा कपडा धुने २ वटा

Scanned with CamScanner